"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०८२/०८३

चलानी नं. :

मिति: २०८२/०८/२८

ने.सं. ११४६ थिंल्लागा, १० आइतबार

## कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम सञ्चालन बारेको सूचना

यस पाँचखाल नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को बागमती प्रदेश ससर्त अनुदान तर्फको तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले ईच्छुक दर्तावाल उद्यमी कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/कृषि संघ/संस्थाहरुबाट दरखास्त आवहानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन (२०८२/०९/२० गते) भित्र कृषि तथा सहकारी शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नगरिने बेहोरा अनुरोध छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | वितरण हुने यन्त्र | अनुदानको सीमा | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम | मिनि टिल्लर | ५०% अनुदान | -विगत २ (दुई) बर्ष देखि कुनै सरकारी तथा गैर सरकारी निकायबाट सोही प्रकृतिको अनुदान प्राप्त नगरेको कृषकहरु,<br>-आर्थिक रुपमा विपन्न कृषकहरु,<br>-पिछडिएका कृषकहरु,<br>-व्यवस्यायिक रुपमा खेती गरेका कृषकहरु,<br>-वैदेशिक रोजगारीबाट फर्किएर खेती गरेका कृषकहरु,<br>-उद्यमशील युवा कृषकहरुलाई प्राथमिकता दिइनेछ। |

आवश्यक कागजात:

१. कार्यालयले तोकेको ढाँचामा निवेदन।
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुको नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (कैफियतमा उल्लिखित बुँदा मध्य भए सोको बेहोरा खुलाउने)।
५. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको हकमा कार्यसमितिको निर्णय तथा अख्तियारी प्रदानको प्रतिलिपि।
६. निवेदन पेस गर्नेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
७. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको करार गरिएको सम्झौता प्रमाणपत्र
८. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा गत दुई बर्ष अनुदान रकम नपाएको स्वघोषणा पत्र तथा अनुदान सदुपयोग गर्छौं भन्ने प्रतिबद्धता पत्र।

२०८२/०८/२८

.................

(पुरुषोत्तम सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४९९४१४, इमेल: panchkhal.municipality@gmail.com, info@panchkhalmun.gov.np वेबसाइट: https://www.panchkhalmun.gov.np

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

## प्रतिबद्धता पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलान्चोक।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८२/०८/२८को प्रकाशित सूचना अनुसार काभ्रेपलान्चोक जिल्ला, पाँचखाल नगरपालिका वडा नं....... स्थित ...................................................... ले कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रममा प्रस्ताव पेस गरेको हुदाँ तपशिलका बुदाँहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यदि यस प्रतिबद्धता पत्रमा केही झुठो ठहरिएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरेध गर्दछु/छौं।

तपसिल

१. यस कार्यक्रममा छनोट भएको खण्डमा दोहोरो अनुदान सुविधा लिने छैन।
२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।
३. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन।
४. छनोट भएके खण्डमा न्युनतम ५ वर्षसम्म व्यवसाय निरन्तर सञ्चालन गर्नेछु/छौं।

**औंठा छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**आवेदकको**

नामः

पदः

ठेगानाः

सम्पर्क नं.

संस्थाको छापः

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## स्व-घोषणा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलान्चोक।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८२/०८/२८ का दिन कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका स्थित ........................................................ कृषक /समुह/ सहकारी/ फर्म/ कम्पनीले गत आर्थिक वर्ष २०८१/०८२ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह सङ्घीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रम/ क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको बेहोरा स्व-घोषणा गर्दछु/छौं। चालु अर्थिक वर्ष २०८२/०८३ मा सम्झौता पश्चात अन्य निकायबाट सो कार्यक्रम/ क्रियाकलापको लागि दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजीम कारबाही/सजाएको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**आवेदकको**

नाम:

पद:

ठेगाना:

सम्पर्क नं.

संस्थाको छाप:

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलाञ्चोक।

मिति:

**विषयः** कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रममा सहभागी गराइ पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०८२/०८/२८ मा प्रकाशित गरिएको सूचना बमोजिम कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रममा सहभागी हुनको लागि कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा तपसिल बमोजिमको कृषि उपकरणहरु प्राप्त गर्न ईच्छुक रहेकोले देहाय बमोजिमका कागजातहरु यसै पत्र साथ संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं।

तपसिल

| क.सं. | कृषि यन्त्र उपकरणको नाम | परिमाण | हाल खेती भइरहेको जग्गाको क्षेत्रफल(रोपनीमा) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

देहाय :

संलग्न कागजातहरु:

१. कार्यालयले तोकेको ढाँचामा निवेदन।

२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुको नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

३. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (कैफियतमा उल्लिखित बुँदा मध्य भए सोको बेहोरा खुलाउने)।

५. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको हकमा कार्यसमितिको निर्णय तथा अख्तियारी प्रदानको प्रतिलिपि।

६. निवेदन पेस गर्नेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

७. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको करार गरिएको सम्झौता प्रमाणपत्र

८. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा गत दुई बर्ष अनुदान रकम नपाएको स्वघोषणा पत्र तथा अनुदान सदुपयोग गर्छौं भन्ने प्रतिबद्धता पत्र।

निवेदक

दस्तखत:

नाम:

ठेगाना:

सम्पर्क नं:

संस्थाको छाप: